This document is signed digitally!

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

(मुनाफा वितरण नगर्ने)

# इन्टरनेशनल यु.एन.एच.आर. काउन्सिल अफ नेपाल

# International U.N.H.R. Council Of Nepal

को

## प्रबन्ध–पत्र

१. **कम्पनीको नाम** :– यस कम्पनीको नाम "इन्टरनेशनल यु.एन.एच.आर. काउन्सिल अफ नेपाल" हुनेछ र अंग्रेजीमा "International U.N.H.R. Council Of Nepal" भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** :–

(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.७ मा रहने छ ।

३. **कम्पनीले गर्ने ब्यवसाय वा कारोवारको प्रकृति** : कम्पनीले गर्ने ब्यवसाय वा कारोवार सेवामूलक प्रकृतिको हुनेछ ।

४. **कम्पनीको उद्देश्य** :

(१) कम्पनी मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ । जसको उद्देश्यहरु देहाय बमोजिम हुनेछ :–

(क) मानवअधिकारको विश्वव्यापी मान्यता स्वीकार गरी नेपाली जनताका माझ तिनको प्रचार–प्रसार गर्ने तथा तिनको प्राप्ति र संरक्षणका लागि अन्तर्राष्ट्रिय आन्दोलनमा समेत सहभागी हुँदै नेपाली जनताका मानवअधिकार एवं मौलिक अधिकारका प्राप्ति, संरक्षण र विस्तारमा जोड दिने ।

(ख) न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानूनको निर्माण, अदालतलगायत सर्वत्र दायर रहेका मुद्दा मामिलाबारे निष्पक्ष एवं अविलम्ब कारवाही र पुर्पक्ष तथा छिटो, छरितो र निष्पक्ष न्यायको माग गर्ने ।

(ग) प्रजातन्त्र एवं कानूनको शासनको प्राप्ति र संरक्षणका लागि कार्य गर्ने ।

(घ) समान अवसर र सम्मानताका आधारमा बाँच्न पाउने नैसर्गिक मानवअधिकार र त्यससँग सम्बन्धित सबै अधिकार प्राप्तिका लागि कार्य गर्ने ।

(ङ) सम्पूर्ण आस्थाका बन्दीहरुको बिना शर्त विमुक्ति एवं यातना र मृत्युदण्डको उन्मूलनका लागि संघर्षरत रहँदै सबै प्रकारका क्रुर, अमानवीय र अपमानजनक व्यवहारको प्रतिरोध गर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(च) राजनीतिक, वर्गीय र व्यावसायिक परिषद् तथा ट्रेड यूनियनको गठन एवं अभिव्यक्ति र प्रकाशनको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने र संघ/संस्था खोल्ने स्वतन्त्रताको अधिकारको आधारभूत मौलिक हक नेपाली जनतालाई व्यवहारमा प्राप्त गर्ने ।

(छ) गैरकानूनी थुनामा परेका व्यक्ति र तिनका आश्रितहरुलाई अन्तर्राष्ट्रिय प्रचलनअनुसार क्षतिपूर्ति दिलाउने तर्फ कार्य गर्ने ।

(ज) संयुक्त राष्ट्रसंघका मानवअधिकारसम्बन्धी सम्झौता, अनुबन्धहरु (कोभेनन्टस) र प्रलेख (प्रोटोकल) लाई मान्यता दिन र सो अनुरूप कार्य गर्न नेपाल सरकार उपर दवाब दिने ।

(झ) देशभित्र तथा बाहिर मानवअधिकारका लागि कार्यरत संघ/संस्था र व्यक्तिहरुसँग भातृत्वपूर्ण सम्बन्ध स्थापना गर्ने ।

(ञ) मानवअधिकारको विषयमा अध्ययन, अन्वेषण र प्रशिक्षण गरी यसको पक्षमा बुलेटिन र समसामयिक प्रकाशनजस्ता मुद्रित सामाग्रीको प्रकाशन, फिल्म, क्यासेट, सार्वजनिक प्रवचन, गोष्ठी, सभा इत्यादिद्वारा प्रचार तथा रेडियो, टेलिभिजन आदि संप्रेषण माध्यमबाट प्रसारण गरी जनमत तयार पार्दै जनशक्ति परिचालन गर्ने ।

(ट) स्वच्छ र सन्तुलित वातावरण एवं प्राकृतिक स्वास्थ्य रक्षाको मानवीय अधिकारबारे अनुसन्धान गरी जनचेतना जगाउने, तिनका विनाशकारी कार्यको विरोध गर्ने तथा विनाशकर्ता व्यक्ति वा संस्था उपर त्यसो नगर्न दवाब दिने ।

(ठ) महिला, वालवालिका, उपेक्षित, अल्पसंख्यक, विस्थापित, असहाय, अपाङ्ग, जनजाति, मधेसी, मुस्लिम र विविध कारणले पिछडिएको, व्यक्ति वा वर्गको हित एवं उनीहरुको मानव अधिकार रक्षाको लागि कार्य गर्ने ।

(ड) सबै खाले द्वन्द्व (वित्तिय थिचो मिचो सहित) निरुपणका लागि शान्तिपूर्ण अभियानहरु सञ्चालन गर्दै, सामाजिक न्याय र जेल सुधारका लागि कार्य गर्ने ।

(ढ) विदेशमा वन्दी रहेका नेपाली र नेपालमा वन्दी रहेका विदेशीको मानव अधिकार रक्षा, कानूनी सहयोग लगायतका अन्य कार्य गर्ने ।

(ण) वैदेशिक रोजगारीका क्रममा विदेशमा गई गैरकानूनी रुपमा वा भाषा र स्थानीय कानून, धर्म आदि विषयको ज्ञानका अभावले जेलमा परेका नेपालीको उद्धारका लागि विश्वव्यापी रुपमा कुटनैतिक नियोग, पर‍राष्ट्र मन्त्रालय, राष्ट्रिय, अन्तर्राष्ट्रिय, गैरसरकारी संघ संस्थाहरु, रोजगारदाता र प्रतिनिधिसंग सम्पर्क गरी आवश्यक कार्य गर्ने ।

(त) नागरिकको स्वस्थ रहने अधिकारको संरक्षण गर्न स्वास्थ्य सम्वन्धी अध्ययन, अनुसन्धान, वितरण, व्यवस्थापन, शिविर आदि सञ्चालन गरी आवश्यक कार्य गर्ने, चेलीबेटी वेचविखन विरुद्धको अभियानमा आवश्यक कार्य गर्ने, लागु औषध दुर्व्यसनी एच.आई.भी. एड्स पिडितको स्वास्थ्य र मानव अधिकार रक्षाका लागि कार्य गर्ने ।

(थ) वातावरणीय प्रदुषणबाट मानव जीवनमा परेको प्रभावलाई सम्वोधन गरी स्वस्थ वातावरणको प्रत्याभूति दिन आवश्यक सबै कार्य गर्ने ।

(द) मानव अधिकार उल्लंघनको घटनाहरुको अध्ययन, अनुसन्धान गरी रिपोर्ट सार्वजनिक गर्ने र सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

(ध) शरणार्थीहरुको हितका लागि सरोकारवालाहरुसंग सम्वन्ध विस्तार गरी कार्य गर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमती वा इजाजत प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) को उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिन भित्रमा त्यस्तो अनुमति वा ईजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</u> : यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) राष्ट्रिय / अर्न्तराष्ट्रिय व्यक्ति, संस्था आदीबाट आर्थिक सहायत प्राप्त गर्न सकिने ।

(च) <u>अन्य आवश्यक कुराहरु</u> :

(१) कम्पनीको कार्यको लागि आवश्यक पर्ने मेशिनरी उपकरण तथा आवश्यक औजार सामाग्रीहरु एवं जग्गा तथा दक्ष जनशक्तिको उचित व्यवस्था गर्नेछ ।

(२) कम्पनीको नामबाट विभिन्न प्रकारका बिलहरु जस्तै बिलअफ एक्सचेन्ज, लेटर अफ क्रेडिट, ड्राफ्ट र अन्य नेगोशिएवल र ट्रान्सफरेवल विलहरु तथा ग्यारेन्टी स्वीकृत गर्न, जारी गर्न तथा दरपीठ गर्न सक्नेछ ।

(३) चुस्त प्रशासनिक व्यवस्थापन गर्न, अनुशासन कायम गर्न, आर्थिक सुशासन कायम गर्न, विभिन्न प्रकारका कोषहरुको व्यवस्था गरी संचालन गर्न, विनियमहरु बनाउने र लागू गर्न सक्नेछ ।

(४) कम्पनीले आवश्यकता अनुसार संचार माध्यममा विज्ञापन गराउन सक्नेछ ।

(५) कम्पनीले कोटेशन, टेण्डर, विड, अमानत वा कुनै प्रकारको करार, सम्झौता, शर्त कबुल गर्न र गराउन सक्नेछ । संकलित, उत्पादित, खरिद सेवा, बस्तुहरु सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्न, विक्री वितरण गर्न एजेन्ट, डिष्ट्रिव्यूटर, डिलर नियुक्त गर्न सक्नेछ ।

(६) कम्पनीले व्यक्ति, संघ, संस्था, कम्पनी, सरकार (विभिन्न निकाय) संग/बाट प्रविधि वा प्राविधिकहरुको सेवा उपलब्ध गर्न र गराउन सक्नेछ ।

(७) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशीनरी भवन लगायत सवैप्रकारका सम्पत्तिहरुको विमा गराउन सक्नेछ । कम्पनीले आवश्यक ठानेमा संचालक समिति वा साधारण सभाले निर्णय वा प्रस्ताव पारित गरी कर्मचारी र संचालकहरु समेतको जीवन विमा गराउन सक्नेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(८) प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्ने सम्बन्धित निकायबाट स्वीकृत लिई यस कम्पनीमा अन्य प्रविधि हस्तान्तरण वा खरिद, विदेशी लगानी तथा संयुक्त लगानी गर्न सक्नेछ ।

(९) कम्पनीको मौज्दातमा रहेको कम्पनीलाई तुरुन्त आवश्यक नपर्ने कम्पनीको रकमहरु लगानी गर्ने, बैंकमा जम्मा गरी आय आर्जन गर्न सकिने ।

(१०) कम्पनीको ब्यापारिक हित र संरक्षणको लागि डिजाइन, ट्रेडमार्क, ट्रेडनेम दर्ता गराउने र प्रचलित राष्ट्रिय र अन्तराष्ट्रिय कानूनबाट प्राप्त हक अधिकार, सेवा, सुविधा उपलब्ध गर्ने र उपयोग गर्नेछ ।

(११) कम्पनीको उद्देश्य पूरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने, गराउने ।

(१२) कम्पनीले आफ्नो कार्यक्रमहरुको विज्ञापन तयार गरी प्रसारण गर्ने साथै अन्य कम्पनी, फर्म तथा व्यक्तिको अनुरोधमा विज्ञापनहरु (श्रव्य-दृश्य) तयार गरी दिने ।

(१३) आफ्ना कार्यक्रमहरुको प्रचार प्रसार गराउने उद्देश्यले विभिन्न पत्र-पत्रिका, बुलेटिन तथा सूचनामूलक सामाग्रीहरु प्रसारण गर्ने ।

(१४) स्वदेशी तथा विदेशी कम्पनीहरुबाट समय समयमा हुने प्रर्दशनिहरुमा सहभागी हुने र यस्ता कार्यक्रमहरु आयोजना तथा व्यवस्थापन गर्ने ।

६. **कम्पनीको प्रारम्भिक पूँजी रकम** :- हाल यो कम्पनीको सञ्चालनको लागि जनही रकम रु. २५,०००/- का दरले संकलन गरिएको जम्मा रु. १,२५,०००/- (अक्षरुपी एक लाख पच्चीस हजार) मात्र पूँजी लगानी गरिनेछ । उक्त रकम सस्थापक ५ जना सदस्यहरुबाट व्यहोरिनेछ ।

७. **यसको लागि शेयर पूँजी आवश्यक नपर्ने** :-

(१) यो कम्पनीको संस्थापना गर्दा कुनै शेयर पूँजी आवश्यक पर्ने छैन ।
तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानून बमोजिम राष्ट्रिय अन्तराष्ट्रिय स्तरबाट कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

(२) कम्पनीको सदस्यहरुले एकमुष्ठ रु १,०००/- कम्पनीलाई बुझाउनु पर्नेछ ।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोवारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिनेछ ।

(४) कम्पनीको उद्देश्य परिपूर्ति गर्न हाल कुनै अक्षय कोषको स्थापना गर्ने ब्यवस्था गरिएको छैन । भविष्यमा कम्पनीको विशेष साधारण सभा मार्फत सो कार्य गर्न सकिनेछ ।

८. **मुनाफा वितरण गर्न नपाउने** :-

(१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी बृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिनेछ ।

९. **कम्पनीको सदस्यता प्राप्ति र नविकरण** :-

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(१) कम्पनीको सदस्य दुई किसिमको हुनेछ ।

(क)आजीवन सदस्य :- आजीवन सदस्यले सदस्यता शुल्क वापत एकमुष्ठ रु.१,००,०००/- (एक लाख रुपैया) बुझाउनु पर्नेछ ।

(ख)साधारण सदस्य : साधारण सदस्यले प्रवेश शुल्क वापत रु.१,०००/-(एक हजार) बुझाउनु पर्नेछ भने सदस्यता नविकरण शुल्क वापत प्रत्येक वर्ष रु. ५००/- (पाँच सय) बुझाउनु पर्नेछ ।

(२) कम्पनीको सदस्यता प्राप्त गर्न चाहिने योग्यता :

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली/विदेशी नागरिक ।

(ख) कम्पनीको उद्देश्य पालना गर्न मन्जुर गरेको ।

(३) कम्पनीको सदस्यता प्राप्त गर्ने विधि :- कम्पनीको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले संचालक समिति समक्ष संचालक समितिले तोके बमोजिमको कागजात संलग्न राखी निवेदन दिनुपर्नेछ । संचालक समितिसमक्ष सदस्यताको लागि निवेदन परेपछि त्यस निवेदन उपर छानविन गरी संचालक समितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

१०. **सदस्यता हस्तान्तरण नहुने** - कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

११. **सदस्यता समाप्त हुने अवस्था** - यस कम्पनीका सदस्यको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :-

(क) कम्पनीको सदस्यताबाट राजिनामा दिएमा,

(ख) कम्पनीको सदस्यको मृत्यु भएका,

(ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित संस्थासंग गाभिएमा,

(घ) कम्पनीको सदस्य दामासाहीमा परेमा,

(ङ) प्रचलित कानून बमोजिम कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा,

१२. **दायित्व सीमित हुने** - कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसको सदस्य जिम्मेवार हुने छैन । संस्थाको काम सम्बन्धमा संस्थाको दायित्व/जिम्मेवारी हुने ।

१३. **अन्य आवश्यक कुराहरु** :-

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) यो कम्पनी सुनाफा वितरण नगर्ने कम्पनी भएको र यसको पूँजी संरचना नहुने हुँदा कम्पनी संस्थापना गर्दाको बखत यसका संस्थापक सदस्यहरुबाट प्रति व्यक्ति रु. २५,०००/- (पच्चीस हजार रुपैया) का दरले यो कम्पनी स्थापनाका लागि रकम प्राप्त हुनेछ । साथै यो कम्पनीको सूचारु रुपले सञ्चालनको लागि अन्य स्वदेशी तथा विदेशी व्यक्ति तथा कम्पनीबाट समेत दान, अनुदानको रुपमा रकम जम्मा गर्न सकिने छ । कानून बमोजिम स्वीकृती लिनु पर्ने निकायबाट सहयोग प्राप्त भएमा समाज कल्याण ऐन, २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको पूर्व स्वीकृति लिइनेछ ।

(३) यो कम्पनीको संस्थापक सदस्यहरुले कम्पनीको स्थापना गर्दा गरेको लगानी भन्दा बाहेक अन्य वार्षिक शुल्क तिर्नु बुझाउनुपर्ने छैन ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

१४ **कम्पनीको प्रकृति अनुरुप कुनै थप ब्यवस्था गर्ने भए सो कुरा खुलाउने** :- यस कम्पनीमा हाल कुनै थप ब्यवस्था गरिएको छैन ।

१५. **प्रवन्धपत्र संशोधन भएमा लागु हुने ब्यवस्था** :- यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१६. **प्रवन्ध पत्र बाझिएको हदसम्म अमान्य हुने** :- यस प्रवन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१७. **संस्थापकहरुको विवरण र उद्घोषण** :- हामी "इन्टरनेशनल यु.एन.एच.आर. काउन्सिल अफ नेपाल" को संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर र साक्षी सम्बन्धी ब्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व ब्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | ना.प्र.नं.र नागरिकता प्राप्त गरेको जिल्ला | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको ना.प्र.नं.र जिल्ला |
|---|---|---|---|---|
| दस्तखत:<br>नाम : तुलसी थापा<br>ठेगाना : कोशी प्रदेश<br>संखुवासभा जिल्ला वाना -५<br>हाल पाँचखपन न.पा.-५<br>दा. बा. | हेम सागर थापा | ना.प्र.नं.<br>४८५१/१९५७/१२ १४/११४४९/२४ ७६०/४२५२५<br>जारी मिति :- २०३७/०३/१९<br>जि.प्र.का.<br>काठमाण्डौ | दस्तखत:<br>नामः जिवन गौतम<br>ठेगानाः कर्णाली प्रदेश,<br>जाजरकोट जिल्ला<br>त्रिवेणी नलगाड-४<br>दा. बा. | ना.प्र.नं.<br>६२-०१-७४-००७३५<br>जारी मिति :- २०७४/०३/२२<br>जि.प्र.का.-<br>जाजरकोट |
| दस्तखत:<br>नाम : सुषमा रिजाल<br>ठेगाना : कोशी प्रदेश<br>सुनसरी जिल्ला धरान-१२<br>हाल धरान उ.म.न.पा.-१२ | भूपेन्द्र प्रसाद रिजाल | ना.प्र.नं.<br>६८८२<br>जारी मिति :- २०४४/०५/०९<br>जि.प्र.का.-<br>मोरंग | दस्तखत:<br>नामः डिल्ली बहादुर कडेल<br>ठेगानाः कोशी प्रदेश<br>झापा जिल्ला कुमरखोद-६<br>हाल झापा न.पा.-२ | ना.प्र.नं.<br>५१३७१६१५<br>जारी मिति :- २०५८/०८/१३<br>जि.प्र.का.-<br>झापा |

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

| | | | | |
|---|---|---|---|---|
| दस्तखतः<br>नाम : शोभा न्यौपाने<br>ठेगाना : कोशी प्रदेश<br>झापा जिल्ला तोपगाछी -७<br>हाल कमल गा.पा.-३<br>दा. बा. | गोविन्द न्यौपाने | ना.प्र.नं.<br>१८४७८<br>जारी मिति :-<br>२०६० ०८ ०७<br>जि.प्र.का.-झापा<br>इ.प्र.शाखा दमक | दस्तखतः<br>नामः मनिष कुमार साह<br>ठेगानाः मधेश प्रदेश, सिरहा<br>जिल्ला कल्याणपुर न.पा.-११<br>दा. | ना.प्र.नं.<br>१५-०१-७४-<br>०११४०<br>जारी मिति :-<br>२०७४/०२/०३<br>जि.प्र.का.-<br>सिरहा |
| दस्तखतः<br>नाम : समिरा थापा<br>ठेगाना : बागमती प्रदेश<br>काठमाण्डौ जिल्ला का.म.न.पा.-७<br>दा. बा. | मोहन मान सिंह बस्नेत | ना.प्र.नं.<br>२७१०६०/४०६००<br>जारी मिति :-<br>२०६६/०३/११<br>जि.प्र.का.-<br>काठमाण्डौ | दस्तखतः<br>नामः सन्तोष कुमार राय<br>ठेगानाः मधेश प्रदेश, सिरहा<br>जिल्ला गोलबजार न.पा.-१२ | ना.प्र.नं.<br>१५-०१-७९-<br>०४४८५<br>जारी मिति :-<br>२०७९/०४/१७<br>जि.प्र.का.-<br>सिरहा |
| दस्तखतः<br>नाम : सुष्मा महरा (श्रेष्ठ)<br>ठेगाना : बागमती प्रदेश<br>काठमाण्डौ जिल्ला<br>का.म.न.पा ७<br>बा. | श्रीकृष्ण श्रेष्ठ | ना.प्र.नं.<br>१३५९४/२३६१४<br>जारी मिति :-<br>२०५६/०३/०६<br>जि.प्र.का.<br>काठमाण्डौ | दस्तखतः<br>नामः साजन भुजेल<br>ठेगानाःगण्डकी प्रदेश, स्याङ्जा<br>जिल्ला पुतलीबजार न.पा.-३<br>दा. बा. | ना.प्र.नं.<br>४२-०१-७५-<br>०२७८३<br>जारी मिति :-<br>२०७५/०७/१९<br>जि.प्र.का.-<br>स्याङ्जा |

मस्यौदाकार :-
दस्तखत :
नाम : बुद्धि प्रसाद खरेल
अधिवक्ता प्रमाण पत्र नं. ११८०६
मोबाइल नं.- ९८४१५२३४५०
इति सम्वत् २०८१ साल मंसिर महिना २४ गते रोज २ शुभम्....................................................

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
नामथर : रबिन कार्की
पद : सहायक रजिष्ट्रार
मिति : २०८१-०८-२७
कम्पनी रजिष्ट्रारको कार्यालय